# City of Somerville Food Waste Collection

यो इमेल यी भाषाहरूमा पढ्नुहोस्: English Español Portugues Kreyol Ayisyen नेपाली 繁體中文 简体中文

Somerville सहरको खाद्य फोहोर सङ्कलन पाइलट कार्यक्रममा तपाईंको रुचिका लागि धन्यवाद ।

अब somervillecomposts.com मा पाइलट कार्यक्रमका लागि आवेदन खुला भएको छ

Somerville सहरको खाद्य फोहोर सङ्कलन पाइलट कार्यक्रमले 2027 को मध्यसम्म 1,200 योग्य घरपरिवारहरूलाई नि:शुल्क कर्बसाइड खाद्य फोहोर सङ्कलन सेवा प्रदान गर्ने छ । सहभागीहरूले खाद्य फोहोर सङ्कलन गर्न भान्साको काउन्टरटप कन्टेनर, प्रत्येक हप्ता फोहोर फाल्ने बारमा बाहिर फोहोर राख्न कर्बसाइड बिन र कम्पोस्ट कसरी बनाउने भन्ने बारे जानकारीमूलक सामग्रीहरू प्राप्त गर्ने छन् । पाइलट कार्यक्रम सुरुमा East Somerville को एक भागमा रहेका घरपरिवारहरूका लागि उपलब्ध हुने छ (somervillema.gov/foodwaste मा पाइलट क्षेत्र नक्सा हेर्नुहोस्). । योग्य घरपरिवारहरू छ वटा वा सोभन्दा कम युनिट भएको भवनमा बसिरहेको पनि हुनुपर्ने छ र पहिले नै सक्रिय कर्बसाइड कम्पोस्टिङ सदस्यता नभएको हुनुपर्ने छ ।

पाइलट कार्यक्रममा आवेदन दिने बारेमा कुनै पनि प्रश्नका लागि, कृपया Garbage to Garden’s सहायता टोलीलाई सोमबारदेखि शुक्रबार बिहान 8:30 बजेदेखि दिउँसो 4 बजेसम्म (617) 977-4547 डायल गरी सम्पर्क गर्नुहोस् वा info@garbagetogarden.org मा इमेल गर्नुहोस् । Garbage to Garden यस पाइलट कार्यक्रमका लागि Somerville सहरको कर्बसाइड कम्पोस्टिङ सेवा प्रदायक हो ।

यदि तपाईंलाई यो जानकारी अनुवाद गर्न वा बुझ्न सहयोग चाहिएमा, कृपया हामीलाई 311 (617-666-3311) मा कल गर्नुहोस् वा languageaccess@somervillema.gov मा सम्पर्क गर्नुहोस् । Somerville

सहरले तपाईंलाई नि:शुल्क दोभासे उपलब्ध गराउन सक्ने छ । यस कार्यक्रममा पहुँच राख्न ADA (अपाङ्गतासहितका अमेरिकीसम्बन्धी ऐन) समायोजन चाहिने अपाङ्गता भएका व्यक्तिहरूले कृपया 311 (617-666-3311) मा सम्पर्क गर्नुहोस् ।

**खाद्य फोहोर सङ्कलन पाइलट कार्यक्रमका लागि योग्य East Somerville क्षेत्रको नक्सा ।**

